# लघुवित्त वित्तीय संस्थाहरुको त्रैमासिक स्थिति

आर्थिक वर्ष २०७८/७९ को तेस्रो त्रयमास-२०७८ चैत मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा

# आर्थिक वर्ष २०७८/७९

# तेस्रो त्रयमास - २०७८ चैत


नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग
बालुवाटार, काठमाडौं

# विषय-सूचि

| | | |
|---|---|---|
| | | **पेज नं.** |
| **१.** | **लघुवित्त वित्तीय संस्थाहरुको त्रैमासिक स्थिति** | |
| १.१ | पहूँच | १ |
| १.२ | पुँजीकोष | २ |
| १.३ | वित्तीय स्रोत संकलन | ३ |
| १.४ | कर्जा तथा सापटी | ४ |
| १.५ | लगानी | ७ |
| १.६ | जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति | ८ |
| १.७ | मुनाफा स्थिति | ८ |
| १.८ | तरलता स्थिति | ९ |

# लघुवित्त वित्तीय संस्थाहरुको त्रैमासिक स्थिति

## १.१ पहुँच


लघुवित्त वित्तीय संस्थाहरुको संख्या पछिल्लो समयमा मर्जर तथा एक्विजिसनका कारण घट्दो क्रममा रहेतापनि शाखा विस्तारको क्रम भने जारी नै रहेको छ । २०७८ असार मसान्तसम्ममा ७० वटा लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा २०७८ चैत मसान्तसम्ममा उक्त संख्या घटेर ६५ कायम भएको छ । ६५ वटा लघुवित्त वित्तीय संस्थाहरु मध्ये ४ वटा थोक कर्जा प्रदायक संस्था रहेका छन् भने बाँकी ६१ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरु रहेका छन् । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या २०७८ असारको तुलनामा २०७८ चैत मसान्तमा ८.६३ प्रतिशतले वृद्धि भई ५ हजार २० पुगेको छ । सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको सदस्य संख्या ९.२१ प्रतिशतले वृद्धि भई ५७ लाख ७२ हजार र ऋणी संख्या ८.५३ प्रतिशतले वृद्धि भई ३२ लाख ४७ हजार पुगेको छ ।

**तालिका १.१: लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति**

| विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन (२-१)/(१) *१०० | प्रतिशत परिवर्तन (४-३)/(३) *१०० |
|---|---|---|---|---|---|---|
| कुल संस्था संख्या | ८४ | ७४ | ७० | ६५ | -११.९० | -७.१४ |
| कुल शाखा संख्या | ३९४६ | ४४८८ | ४६२१ | ५०२० | १३.७४ | ८.६३ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७७ | ७७ | ७७ | ७७ | ०.०० | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | ३११ | ३५० | ३६३ | ४२० | १२.६२ | १५.६४ |
| कुल समूह संख्या (हजारमा) | १०४० | ११७६ | ११८३ | १३२९ | १३.११ | १२.३२ |
| कुल सदस्य संख्या (हजारमा) | ४६८७ | ५११९ | ५१९१ | ५७७२ | ९.२१ | ११.१९ |
| कुल ऋणी संख्या (हजारमा) | २७८३ | २९८१ | २९९२ | ३२४७ | ७.१२ | ८.५३ |
| कुल कर्मचारी संख्या | १९०१७ | २०७५६ | २०८७२ | २३३५२ | ९.१४ | ११.८८ |
| राष्ट्रिय स्तरका संस्था* | ४४ | ४७ | ४७ | ४६ | ६.८२ | -२.१३ |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | २५ | १३ | ८ | ६ | -४८.०० | -२५.०० |
| प्रादेशिकस्तरका संस्था | १५ | १४ | १५ | १३ | | |

**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ४ रहेको छ ।*

**चार्ट १.१: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखा उपस्थिति (प्रतिशतमा)**




प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखाहरु लुम्बिनी प्रदेशमा सबैभन्दा बढी रहेको देखिन्छ । २०७८ चैत मसान्तसम्ममा उक्त प्रदेशमा भएका शाखाको संख्या कुल शाखा संख्याको २३ प्रतिशत (११५३ शाखाहरु) रहेको छ । पहुँचका हिसावले कर्णाली प्रदेशमा लघुवित्त संस्थाको उपस्थिति न्यून रहेको देखिन्छ । उक्त प्रदेशमा कुल शाखा संख्याको ५ प्रतिशत (२३० शाखाहरु) मात्रै शाखाहरु संचालनमा रहेका छन् ।

## १.२ पुँजीकोष

लघुवित्त वित्तीय संस्थाहरुको पुँजीकोषको स्थिति समग्रमा सन्तोषजनक रहेको छ । यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन- २०७८ को निर्देशन नं. १ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्युनतम प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने वैधानिक प्रावधान रहेको छ । २०७८ चैत मसान्तमा समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ११.३६ प्रतिशत र १२.५१ प्रतिशत रहेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी २०७८ असार मसान्तको तुलनामा २०.८९ प्रतिशतले र जोखिम भारित सम्पत्ति १९.९६ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः १२.७९ प्रतिशत र ३५.३५ प्रतिशतले बढेको थियो ।

**तालिका १.२: पुँजीकोष सम्बन्धी विवरण**

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन (२-१)/१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| चुक्ता पुँजी | २१४९.५३ | २४२४.५१ | २४७३.९८ | २,९९०.८१ | १२.७९ | २०.८९ |
| प्राथमिक पुँजी | ३५११.७३ | ४२६३.०९ | ४५७३.८५ | ५,४०६.३७ | २१.४० | १८.२० |
| पुँजी कोष | ३८२०.५१ | ४६२२.९९ | ४९९६.३५ | ५,९५२.१६ | २१.०० | १९.१३ |
| जोखिम भारित सम्पत्ति | २८७२०.२८ | ३८८७२.१८ | ३९६६९.८८ | ४७,५८९.२७ | ३५.३५ | १९.९६ |
| **प्राथमिक पुँजी /जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)** | **१२.२३** | **१०.९७** | **११.५३** | **११.३६** | | |
| **पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)** | **१३.३०** | **११.८९** | **१२.५९** | **१२.५१** | | |

## १.३ वित्तीय स्रोत संकलन

**१.३.१ थोक कर्जा प्रदायक :** थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको सापटी रकममा वृद्धि भएको छ । यस्ता लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोत पुँजी र सापटी रहेको छ । २०७८ चैत मसान्तसम्ममा थोक लघुवित्त वित्तीय संस्थाहरूले ४७ अर्ब २१ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन २०७८ असार मसान्तको तुलनामा १४.११ प्रतिशतले अधिक देखिन्छ । आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा वित्तीय स्रोत संकलनमा १९.५३ प्रतिशतले वृद्धि भएको थियो । लघुवित्त वित्तीय संस्थाहरुले प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ । २०७८ चैत मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ५.८५ गुणा रहेको छ ।

**तालिका १.३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)**

(रु.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन (२-१)/१)*१०० | प्रतिशत परिवर्तन (४-३)/३)*१०० |
|---|---|---|---|---|---|---|
| (क) निक्षेप | - | - | - | - | - | - |
| (ख) सापटी | ३४३३.६२ | ४१०४.२२ | ४१३७.४२ | ४७२१.२४ | १९.५३ | १४.११ |
| कुल वित्तीय स्रोत संकलन | **३४३३.६२** | **४१०४.२२** | **४१३७.४२** | **४७२१.२४** | **१९.५३** | **१४.११** |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | ६२४.०६ | ६९१.१४ | ७२०.३८ | ८०७.६७ | | |
| **वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा)** | ५.५० | ५.९४ | ५.७४ | ५.८५ | | |

**१.३.२ खुद्रा कर्जा प्रदायक :** खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले निक्षेप संकलन र सापटी रकम बढाएका छन् । २०७८ चैत मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले निक्षेप तथा बचत संकलन रू. १ खर्ब ५२ अर्ब ६२ करोड र सापटी रू. १ खर्ब ८९ अर्ब ४७ करोड गरी जम्मा रू. ३ खर्ब ४२ अर्ब ९ करोड वित्तीय स्रोत संकलन गरेका छन् । उक्त निक्षेप संकलन र सापटी रकम अघिल्लो आर्थिक वर्ष २०७७/७८ को तेस्रो त्रयमाससम्म क्रमशः १९.८४ र ५०.७३ प्रतिशतले बढेकोमा यस आर्थिक वर्षको सोही अवधिमा निक्षेप संकलन र सापटी रकम क्रमश १७.०२ र १४.१६ प्रतिशतले बढेको छ । वित्त वजारमा बैंकहरुबाट प्राप्त हुने थोक कर्जामा आएको संकुचनको कारण २०७८ चैत मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको तुलनामा घट्को हुनाले प्राथमिक पूँजीको ७.८४ गुणा मात्रै श्रोत संकलन भएको देखिन्छ । २०७८ असारमा वित्तीय श्रोत परिचालन ८.३७ गुणाले भएको थियो ।

**तालिका १.४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)**

(रु.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| (क) निक्षेप | १०६१५.०२ | १२७२०.८३ | १३०४२.५४ | १५२६२.३२ | १९.८४ | १७.०२ |
| (ख) सापटी | १०७७५.६० | १६२४१.७० | १६५९७.४९ | १८९४७.१३ | ५०.७३ | १४.१६ |
| कुल वित्तीय स्रोत संकलन | **२१३९०.६२** | **२८९६२.५३** | **२९६४०.०३** | **३४२०९.४५** | **३५.४०** | **१५.४२** |
| प्राथमिक पुंजी (अघिल्लो त्रयमास) | २७८३.८३ | ३२८८.५२ | ३५४२.७१ | ४३६४.१२ | | |
| **वित्तीय स्रोत संकलन/प्राथमिक पुंजी अनुपात (गुणा)** | **७.६८** | **८.८१** | **८.३७** | **७.८४** | | |

## १.४ कर्जा तथा सापटी

२०७८ चैतसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटी रकममा वृद्धि भएको छ भने निष्क्रिय कर्जाको अनुपातमा ह्रास आएको छ । थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७८ असारको तुलनामा १८.२० प्रतिशतले वृद्धि भई २०७८ चैत मसान्तमा रू. ५६ अर्ब ९६ करोड पुगेको छ । समीक्षा अवधिमा कुल कर्जा तथा सापटीमध्ये निष्क्रिय कर्जा रु. १९ करोड अर्थात ०.३३ प्रतिशत मात्र रहेको छ । २०७८ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात ०.४४ प्रतिशत रहेको थियो भने २०७७ चैत मसान्तमा यस्तो अनुपात ०.४५ प्रतिशत मात्र रहेको थियो । समीक्षा अवधिमा सक्रिय कर्जा १८.३३ प्रतिशतले बढेको छ भने निष्क्रिय कर्जा १०.२१ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षको सोही अवधिमा सक्रिय कर्जा २२.०८ प्रतिशतले बढेको थियो भने निष्क्रिय कर्जा ३६.६४ प्रतिशतले बढेको थियो । समिक्षा अवधिमा लघुवित्त संस्थाको कर्जा प्रवाह बृद्धि दरमा ह्रास आएको कारण कर्जा गुणस्तर मापन गर्ने अन्य सूचकहरुमा सुधार आएको हो ।

**तालिका १.५: कर्जा तथा सापटको वर्गीकरण (थोक कर्जा)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जा | ३७७८.५९ | ४६१२.७२ | ४७९८.२२ | ५६७७.६१ | २२.०८ | १८.३३ |
| निष्क्रिय कर्जा | १५.३२ | २०.९४ | २१.०० | १८.८६ | ३६.६४ | -१०.२१ |
| कुल कर्जा तथा सापट | **३७९३.९१** | **४६३३.६७** | **४८१९.२२** | **५६९६.४७** | **२२.१३** | **१८.२०** |
| **निष्क्रिय कर्जा अनुपात** | **०.४०** | **०.४५** | **०.४४** | **०.३३** | | |

२०७८ चैतसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटी रकम र निष्क्रिय कर्जा रकम दुवैमा वृद्धि भएको छ । खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७८ असारको तुलनामा २३.५३ प्रतिशतले बढेर २०७८ चैत मसान्तमा रू. ३ खर्ब ९२ अर्ब ५ करोड पुगेको देखिन्छ । यसैगरी समीक्षा अवधिमा निष्क्रिय कर्जा रु.११ अर्ब २ करोड अर्थात २.८१ प्रतिशत रहेको छ । २०७८ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात २.९७ प्रतिशत रहेको थियो भने २०७७ चैत मसान्तमा यस्तो अनुपात २.८० प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर १६.९० प्रतिशत छ भने सक्रिय कर्जाको वृद्धिदर २३.७४ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा क्रमश: ६५.९८ र ३७.९७ प्रतिशतले बढेको थियो । खुद्रा कर्जा प्रदायक संस्थाहरुको कर्जा प्रवाहको वृद्धिदरमा सुस्तता आएसँगै निष्कृय कर्जा तथा सापटको वृद्धिदरमा उच्च दरमा ह्रास आएको देखिन्छ ।

**तालिका १.६: कर्जा तथा सापटको वर्गीकरण (खुद्रा कर्जा)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/१) *१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जा | २१९५३.८९ | ३०२८९.६८ | ३०७९३.२३ | ३८१०२.७८ | ३७.९७ | २३.७४ |
| निष्क्रिय कर्जा | ५२५.४२ | ८७२.१० | ९४२.९५ | ११०२.३६ | ६५.९८ | १६.९० |
| कुल कर्जा तथा सापट | **२२४७९.३१** | **३११६१.७८** | **३१७३६.१८** | **३९२०५.१३** | **३८.६२** | **२३.५३** |
| **निष्क्रिय कर्जा अनुपात** | **२.३४** | **२.८०** | **२.९७** | **२.८१** | | |

२०७८ चैतसम्ममा क्षेत्रगत कर्जा प्रवाहतर्फ लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सा बढेको छ । लघुवित्त वित्तीय संस्थाहरुले २०७८ चैत मसान्तमा प्रवाह गरेको कुल कर्जाको ४६.०२ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०७८ असार मसान्तमा कृषि क्षेत्रमा ४४.८२ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०७८/७९ को तेस्रो त्रयमाससम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा ३.४१ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा ३०.८९ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ ।

### तालिका १.७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण

| कर्जा विवरण | २०७८ असार (रु. करोडमा) | २०७८ असार (प्रतिशत) | २०७८ चैत (रु. करोडमा) | २०७८ चैत (प्रतिशत) |
|---|---|---|---|---|
| कृषि | १६३८५.५५ | ४४.८२ | २०६६३.५९ | ४६.०२ |
| घरेलु तथा लघु उद्योग | १२१६.६९ | ३.३३ | १५३१.६२ | ३.४१ |
| सेवा व्यवसाय | ११४२१.२७ | ३१.२४ | १३८७०.६६ | ३०.८९ |
| थोक कर्जा | ४८१९.२२ | १३.१८ | ५६९६.४७ | १२.६९ |
| अन्य | २७१२.६७ | ७.४२ | ३१३९.२७ | ६.९९ |
| **जम्मा** | **३६५५५.४०** | **१००.००** | **४४९०१.६०** | **१००.००** |

२०७८ चैतसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था बढेको छ भने निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था घटेको छ । २०७८ चैत मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७८ असार मसान्तको तुलनामा १५.२० प्रतिशतले बढेर रू. १ अर्ब १२ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था २०७८ असार मसान्तको तुलनामा २.८३ प्रतिशतले ह्रास भई रु. १८ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्था रकम १५.७० प्रतिशतले बढेको थियो भने निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रकम २५.८० प्रतिशतले बढेको थियो ।

### तालिका १.८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)

(रु. करोडमा)

| कर्जा विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ५८.५९ | ६६.३३ | ७८.८३ | ९४.०९ | १३.२२ | १९.३५ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | १४.४० | १८.१२ | १८.१४ | १७.६३ | २५.८० | (२.८३) |
| कुल कर्जा नोक्सानी व्यवस्था | **७२.९९** | **८४.४५** | **९६.९७** | **१११.७२** | १५.७० | १५.२० |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात )** | **१.९२** | **१.८२** | **२.०१** | **१.९६** | | |

२०७८ चैत्रसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७८ असार मसान्तको तुलनामा ११.२० प्रतिशतले बढेर रू. १० अर्ब ८९ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था २०७८ असार मसान्तको तुलनामा ११.६३ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ४४ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्था रकम २८.१७ प्रतिशतले बढेको थियो भने निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रकम ५९.४९ प्रतिशतले बढेको थियो ।

### तालिका १.९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

| कर्जा विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ३८२.७५ | ३९४.१५ | ४९२.०४ | ५४५.०२ | २.९८ | १०.७७ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ३०७.७८ | ४९०.८९ | ४८७.०२ | ५४३.६८ | ५९.४९ | ११.६३ |
| कुल कर्जा नोक्सानी व्यवस्था | **६९०.५३** | **८८५.०४** | **९७९.०६** | **१०८८.७०** | **२८.१७** | **११.२०** |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात )** | **३.०७** | **२.८४** | **३.०९** | **२.७८** | | |

२०७८ चैत्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जाको अंश घटेको छ भने लघु व्यवसाय कर्जाको अंश बढेको छ । २०७८ चैत मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासँग कुल कर्जा तथा सापटको अनुपात १८.०३ प्रतिशत रहेको छ । यस्तो अनुपात २०७८ असार मसान्तमा १९.१२ प्रतिशत र २०७७ चैत मसान्तमा १८.८२ प्रतिशत रहेको थियो । लघु व्यवसाय कर्जाको अंश पनि २०७८ असारमा ७३.७६ प्रतिशत रहेकोमा २०७८ चैतमा ७४.८७ प्रतिशत पुगेको छ ।

### तालिका १.१०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| धितो कर्जा | ४१६४.४३ | ५८६४.८५ | ६०६७.८५ | ७०६८.७२ | ४०.८३ | १६.४९ |
| लघु व्यवसाय कर्जा | १७०४२.७४ | २३४४४.९६ | २३४०७.५७ | २९३५३.७६ | ३७.५७ | २५.४० |
| अन्य कर्जा | १२७२.१४ | १८५१.९७ | २२६०.७७ | २७८२.६५ | ४५.५८ | २३.०८ |
| कुल कर्जा तथा सापट प्रदान | २२४७९.३१ | ३११६१.७८ | ३१७३६.१८ | ३९२०५.१३ | ३८.६२ | २३.५३ |
| **धितो कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत)** | **१८.५३** | **१८.८२** | **१९.१२** | **१८.०३** | | |
| लघु व्यवसाय कर्जा/ कुल कर्जा तथा सापट (प्रतिशत) | ७५.८२ | ७५.२४ | ७३.७६ | ७४.८७ | | |
| अन्य कर्जा/कुल कर्जा तथा सापट(प्रतिशत) | ५.६६ | ५.९४ | ७.१२ | ७.१० | | |

## १.५ लगानी

लघुवित्त वित्तीय संस्थाहरूको लगानीमा ह्रास आएको छ । २०७८ चैत मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. ६ अर्ब ४३ करोड पुगेको छ जुन २०७८ असार मसान्तको तुलनामा ५६.२७ प्रतिशतले कम हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल लगानी ४४.७७ प्रतिशतले बढेको थियो । विशेषगरी मुद्धती निक्षेपमा लगानी रहेको रकम कर्जा प्रवाहका लागि प्रयोग भएको कारण समग्र लगानीमा ह्रास आएको देखिन्छ । लघुवित्त वित्तीय संस्थाहरूले मुद्धती निक्षेपमा २०७८ चैतसम्म रु. ४ अर्ब ८० करोड राखेका छन् जुन रकम २०७८ असार मसान्तको तुलनामा ६४.०१ प्रतिशतले कम हो ।

अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुद्धती निक्षेपमा राखेको रकम ३४.७९ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले समीक्षा अवधिमा मुद्धती निक्षेपमा गरेको लगानी र शेयर तथा डिबेन्चरमा गरेको लगानी घटेको देखिन्छ ।

**तालिका १.११: लगानी विवरण**

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| सरकारी सुरक्षणपत्र | ४६.५६ | ५८.३२ | ५५.७३ | ७८.३८ | २५.२७ | ४०.६३ |
| शेयर तथा डिबेन्चर | २४.२१ | १२.०० | १३.२६ | १०.१० | (५०.४४) | (२३.८२) |
| मुद्धती निक्षेप | ९४३.७६ | १२७२.१२ | १३३४.७१ | ४८०.३५ | ३४.७९ | (६४.०१) |
| अन्य लगानी | ५.४१ | १३४.१५ | ६७.५५ | ७४.५३ | २३८१.५९ | १०.३४ |
| **जम्मा लगानी** | **१०१९.९४** | **१४७६.६०** | **१४७१.२५** | **६४३.३६** | **४४.७७** | **(५६.२७)** |

## १.६ जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

२०७८ चैत मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति र जोखिम भारित सम्पत्ति दुवै बढेको छ । उक्त अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. ४ खर्ब ९९ अर्ब ८ करोड पुगेको छ । यो २०७८ असार मसान्तको तुलनामा १४.८० प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति ३३.१३ प्रतिशतले बढेको थियो । २०७८ चैत मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ९५.३५ प्रतिशत रहेको छ जुन २०७८ असार मसान्तमा ९१.२५ प्रतिशत रहेको थियो ।

**तालिका १.१२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण**

(रु.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| कुल सम्पत्ति | ३१७५१.८८ | ४२२७२.८० | ४३४७३.६८ | ४९९०७.९१ | ३३.१३ | १४.८० |
| जोखिम भारित सम्पत्ति | २८७२०.२८ | ३८८७२.१८ | ३९६६९.८८ | ४७५८९.२७ | ३५.३५ | १९.९६ |
| **जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत)** | **९०.४५** | **९१.९६** | **९१.२५** | **९५.३५** | | |

## १.७ मुनाफा स्थिति

२०७८ चैत मसान्तमा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफा अघिल्लो आर्थिक वर्षको तेस्रो त्रयमासको तुलनामा वृद्धि भएको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७८/७९ को तेस्रो त्रयमाससम्ममा ब्याज आम्दानी रु. ३ अर्ब ८१ करोड र ब्याज खर्च रु. १ अर्ब ९६ करोड रहेको छ । समीक्षा अवधिमा यस्ता लघुवित्त वित्तीय संस्थाहरुले रु. १ अर्ब २२ करोड खुद मुनाफा गरेका छन् जुन अघिल्लो आर्थिक वर्षको तेस्रो त्रयमासको तुलनामा ४४.२८ प्रतिशतले बढी हो ।

**तालिका १.१३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (३-१)/(१)*१०० | (४-२)/(२)*१०० |
| ब्याज आम्दानी | ४५२.८९ | २६३.७५ | ३६१.५१ | ३८०.५६ | (२०.१८) | ४४.२९ |
| ब्याज खर्च | २५२.५७ | १०५.८६ | १४७.३३ | १९६.२४ | (४१.६७) | ८५.३९ |
| संचालन आम्दानी | २१०.८२ | १६५.८० | २२४.२९ | १९५.१७ | ६.३९ | १७.७२ |
| खुद नाफा/नोक्सान | १०५.२६ | ८४.४९ | १०६.६९ | १२१.९० | १.३६ | ४४.२८ |

समग्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफा अघिल्लो आर्थिक वर्षको तेस्रो त्रयमासको तुलनामा सामान्य वृद्धि भएको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७७/७८ को तेस्रो त्रयमाससम्ममा खुद मुनाफा रु. ७ अर्ब ९७ करोड रहेकोमा १.१८ प्रतिशतले वृद्धि भई यस आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा ८ अर्ब ६ करोड पुगेको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७८/७९ को तेस्रो त्रयमाससम्ममा ब्याज आम्दानी रु. ३९ अर्ब १५ करोड र ब्याज खर्च रु. १९ अर्ब ३० करोड रहेको छ (तालिका २.१४)। यस अवधिमा सञ्चालित ६१ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये २ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ ।

**तालिका १.१४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (३-१)/(१)*१०० | (४-२)/(२)*१०० |
| ब्याज आम्दानी | ३६६३.७७ | २९१०.३० | ४१६८.८१ | ३,९१४.५१ | १३.७८ | ३४.५१ |
| ब्याज खर्च | १९३४.१६ | ११८९.५१ | १६८०.६१ | १,९२९.८२ | (१३.११) | ६२.२४ |
| संचालन आम्दानी | २१६३.३४ | २२३६.६४ | ३१३८.९५ | २,५२०.९२ | ४५.१० | १२.७१ |
| खूद नाफा/नोक्सान | ४२९.४६ | ७९६.७८ | १०७५.९२ | ८०६.१९ | १५०.५३ | १.१८ |

## १.८ तरलता स्थिति

समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा ह्रास आएको छ । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन् । २०७८ चैत मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा २०७८ असारको तुलनामा १९.१० प्रतिशतले ह्रास भई रु. २ अर्ब ९८ करोड पुगेको छ ।

**तालिका १.१५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)**

(रू. करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| नगद | ३.७६ | ५.१७ | ४.५४ | ४.८१ | ३७.५९ | ५.९२ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ८४.३८ | ८६.१२ | ९४.९३ | ९४.४७ | २.०६ | (०.४९) |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ५१८.७० | १४१.३९ | २१२.५७ | ११९.८८ | (७२.७४) | (४३.६०) |
| सरकारी सुरक्षणपत्रमा लगानी | ४६.५६ | ५८.३२ | ५५.७३ | ७८.३८ | २५.२८ | ४०.६३ |
| **कुल तरल सम्पत्ति** | **६५३.३९** | **२९१.००** | **३६७.७८** | **२९७.५४** | **(५५.४६)** | **(१९.१०)** |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | ३०८९.९० | ३५५७.११ | ३७२०.५० | ४००२.६१ | | |
| कुल सापटी (अघिल्लो त्रयमास) | ११५०.९४ | १२५९.६७ | १२७४.२७ | ११४७.१३ | | |
| **तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत)** | **२१.१५** | **८.१८** | **९.८९** | **७.४३** | | |
| **तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत)** | **१५.४१** | **६.०४** | **७.३६** | **५.७८** | | |
| **वैधानिक तरलता अनुपात** | **४.३१** | **४.१७** | **४.२५** | **४.२३** | | |
| **अनिवार्य मौज्दात अनुपात** | **२.७१** | **२.३७** | **२.४५** | **३.२०** | | |

२०७८ चैत मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात ७.४३ प्रतिशत रहेको छ । २०७७ चैत र २०७८ असार मसान्तमा यस्तो अनुपात क्रमशः ८.१८ प्रतिशत र ९.८९ प्रतिशत रहेको थियो । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७८ चैत महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४.२३ प्रतिशत र ३.२० प्रतिशत रहेको छ । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको न्यूनतम दरभन्दा बढी नै रहेको छ ।

सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको कुल तरल सम्पत्तिमा उल्लेख्य ह्रास आएको छ । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७८ चैत मसान्तमा तरल सम्पत्ति २०७८ असारको तुलनामा ५०.८० प्रतिशतले ह्रास भई रु. १२ अर्ब ३८ करोड पुगेको छ । २०७८ असार मसान्तमा २७.९६ प्रतिशत रहेको तरल सम्पत्ति/कुल निक्षेप अनुपात २०७८ चैत मसान्तमा भने १२.६४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात घटेको छ । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७८ चैत महिनाको अनिवार्य मौज्दात अनुपात ०.५३ प्रतिशत रहेको छ (तालिका २.१६) । सर्वसाधारणबाट

निक्षेप संकलन नगर्ने कुल ६३ वटा लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात तोकिएको दर भित्रै रहेको छ ।

### तालिका १.१६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)

(रू.करोडमा)

| विवरण | २०७७ असार (१) | २०७७ चैत (२) | २०७८ असार (३) | २०७८ चैत (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| नगद | ३४.१९ | २६.०९ | ४७.५७ | ३१.०४ | (२३.६९) | (३४.७५) |
| नेपाल राष्ट्र बैंक मौज्दात | ५५.११ | १०७.९४ | ७१.४० | ८३.७५ | ९५.८५ | १७.२९ |
| बैंक तथा वित्तीय संस्था मौज्दात | २३४१.८४ | २१६५.९१ | २३९७.८३ | ११२३.५३ | (७.५१) | (५३.१४) |
| सरकारी सुरक्षणपत्रमा लगानी | - | - | - | - | - | - |
| **कुल तरल सम्पत्ति** | २४३१.१४ | २२९९.९४६ | २५१६.८० | १२३८.३१ | (५.४०) | (५०.८०) |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | ७३१४.०० | ७९०३.७४ | ९०००.३३ | ९७९४.४३ | | |
| कुल सापटी (अघिल्लो त्रयमास) | १३३५६.५७ | १४७८३.०३ | १९०७१.६६ | २१६४६.६० | | |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **३३.२४** | **२९.१०** | **२७.९६** | **१२.६४** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **११.७६** | **१०.१४** | **८.९७** | **३.९४** | | |
| अनिवार्य मौज्दात अनुपात | **०.७८** | **०.६१** | **०.५५** | **०.५३** | | |